नेपाल सरकार
रक्षा मन्त्रालय

# प्रेस विज्ञप्ति

नेपालका लागि नवनियुक्त पाकिस्तानी राजदूत H.E. Syed Haider Shah ले आज मिति २०७७ फाल्गुण २८ गते रक्षा सचिव श्री रेश्मिराज पाण्डेसंग शिष्टाचार भेट गर्नु भयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा सचिवज्यूले महामहिम राजदूतलाई आफ्नो कार्यकक्षमा स्वागत गर्नुभई उहाँको कार्यकालको लागि शुभकामना व्यक्त गर्नु भयो । साथै उहाँले विगत ६ दशकदेखी नेपाल र पाकिस्तानबीच अत्यन्त घनिष्ठ र मैत्रीर्पूण सम्बन्ध रहेको चर्चा गर्नुहुदै सो सम्बन्ध सरकार-सरकारबीचमा मात्र सिमित नभएर जनस्तरमा समेत प्रगाढ रहेको बिचार व्यक्त गर्नु भयो । उहाँले नेपाल र पाकिस्तानकाबीच दुई पक्षीय साझा सहयोगका क्षेत्रहरु रहेको बताउनुहुदै आगामी दिनमा सहकार्य गर्दै अगाडी बढ्नु पर्ने कुरा बताउनु भयो । नेपाल र पाकिस्तानका सेनाहरुबीच एक आपसमा सौहार्दपूर्ण सम्बन्ध रहदै आएको र दुबै मुलुकका सेनाहरुबीच समय समयमा हुने संयुक्त अभ्यास, तालिम र प्रक्षिणका साथै दुबै देशका उच्च सैनिक पदाधिकारीबाट एक अर्का देशमा भई रहने भ्रमणले यो सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुगेको बिचार राख्नु भयो । साथै भेटका अवसरमा रक्षा सचिवज्यूले गत जनवरीमा १० जना नेपाली पर्वतारोहीहरुले पाकिस्तान स्थित विश्वको दोस्रो अग्लो हिमाल केटुको सफल आरोहण गर्नु भएको र उक्त आरोहणमा पाकिस्तानी सरकारले गरेको सहयोगको प्रशंसा गर्नुहुदै पाकिस्तानका सम्माननीय राष्ट्रपति तथा पाकिस्तानी सेनाका प्रमुखले गरेको स्वागत तथा बधाई प्रंति विशेष धन्यबाद व्यक्त गर्नु भयो।

नेपालका लागि पाकिस्तानका महामहिम राजदूतले नेपाल र पाकिस्तानबीचका दुई पक्षीय सहयोगका क्षेत्रहरु शिक्षा, स्वास्थ्य, पर्यटन लगायतमा सहकार्य गर्दै अगाडी बढ्नु पर्ने बिचार राख्नु भयो । दुई देशका सेनाबीच समेत असल र मैत्रीपूर्ण सम्बन्ध रहेको कुरा उल्लेख गर्नुहुदै महामहिमले संयुक्त सैनिक अभ्यास, तालिम तथा उच्च स्तरिय भ्रमण मार्फत दुई देशका सेनाबीचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुगिरहेको बिचार व्यक्त गर्नु भयो । उहाँले नेपाल पर्यटनको लागि निकै महत्वपूर्ण तथा विश्व प्रख्यात मुलुक रहेको कुरा राख्नुहुदै आफ्नो आगामी बसाईको क्रममा यस क्षेत्रलाई झन उचाईमा पुऱ्याउन भूमिका खेल्न सक्ने कुरा समेत व्यक्त गर्नु भयो ।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरुको समेत उपस्थिति थियो।

रक्षा मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ
२०७७।११।२८

कृष्ण प्रसाद ज्ञवाली
सहसचिव एवं प्रवक्ता